प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

फोनः०५७-५२४८३५
०५७-५२४८३६
फ्याक्सः ०५७-५२४८३६
इमेलः p3mosd@gmail.com

प.सं. :
च.नं. :

मितिः

## प्रदेश युवा परिषद्को उपाध्यक्ष नियुक्तिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०७७।१०।२३

प्रदेश युवा परिषद् ऐन, २०७६ र प्रदेश युवा परिषद् नियमावली, २०७७ बमोजिम स्थापना हुने प्रदेश युवा परिषद्को उपाध्यक्ष नियुक्ति गर्नका लागि यस मन्त्रालयको मिति २०७७।०४।२६ मा प्रकाशित सावर्जनिक सूचना अनुसार प्राप्त १६ वटा उम्मेदवारी निवेदनहरुलाई कायमै राखी तपसिलतमा उल्लेखित योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट यो सूचना प्रकाशित मितिले पुनः ७ (सात) दिन अर्थात २०७७।१०।२९ गते कार्यालय समय (अपरान्ह ५:०० बजे) भित्र देहाय बमोजिमका कागजात सहित निवेदन पेश पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी तथा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनोट प्रक्रियामा समावेस नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

### तपसिल

१. निवदेन
२. वैयक्तिक विवरण (CURRICULUM VITAE)
३. कार्ययोजना (प्रदेशका युवाहरुको हक, हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरण गरी शिक्षा, सिप, उद्यशीलतामा र रोजगारीमा युवाहरुको भूमिका र योगदानलाई प्रवर्द्धन गर्दै समुन्नत प्रदेश र राष्ट्रको निर्माणमा नीति निर्माण देखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता अभिवृद्धि गरी प्रदेश र राष्ट्र विकासको मूल प्रवाहमा युवालाई समावेश गर्ने सम्वन्धमा कम्तिमा २५०० देखि बढीमा ३००० शब्द सम्म)
४. कार्ययोजनाकासाथ पेश गर्नुपर्ने कागजात
   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि
   ग) ४० वर्ष उमेर ननाघेको
   घ) युवाको हक, हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणको क्षेत्रमा कम्तिमा पाँच वर्षको कार्य अनुभव सम्वन्धमा सम्वन्धित संस्थाबाट प्रमाणित कागजात
   ङ) युवा सम्वन्धी क्षेत्रमाहाल काम गरिरहेको संस्थाबाट प्रमाणित कागजात
   च) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्व घोषणा पत्र ।
५. निवेदन मन्त्रालयको इमेल ठेगाना p3mosd@gmail.com मा समेत पठाउन सकिनेछ ।

रूद्रहरी भण्डारी
(उपसचिव)